☎ 095-520581
✉ dnpbaitadi@gmail.com

# दशरथचन्द नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

खलंगा, गढी बैतडी

सुदूरपश्चिम, प्रदेश नेपाल

पत्र संख्या :२०८२/०८३
चलानी नं. :६६८

मिति २०८२/१०/०८

सुचना ! सुचना !! सुचना !!!

दोस्रो पटक प्रकाशित २०८२/१०/०८

स्थानीय सरकार संचालन ऐन २०७४ परिच्छेद ३ को दफा ११ बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने बालुवाको बिक्री तथा निकासी सम्बन्धि तपशिल अनुसार तोकिएको दरेटमा नघटने गरी तपिसल बमोजिमको नदीहरु गाउँ बस्ती खेत एवं वातावरणमा नकारात्मक असर नपर्ने गरी बालुवा बिक्री तथा सकंलन सम्बन्धि ठेक्का बन्दोबस्त गर्नु परेकोले इच्छुक व्यक्ति तथा फर्महरुले तोकिएको अवधि भित्र रित पुर्वकको शिलबन्दी बोलपत्र पेश गर्नु हुन ७ दिने सुचना प्रकाशित गरिएको छ।

| ठेक्का नम्बर | ठेक्काको किसिम | ठेक्का उठाउन पाउने क्षेत्र | वार्षिक न्युतम अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| १ | बालुवा निकासी | द.न.पा. ८ नलतडी बगर घाट (१३७१६८.६४ घ.फि) | ५४८६७४.५६।- |
| २ | बालुवा निकासी | द.न.पा. ६ को सेरा बागर घाट ,मल्लो मसान घाट र बजिया बगर(२०३२१२.८० घ.फि) | ८१२८५१.२०।- |
| ३ | बालुवा निकासी | द.न.पा. १० को बुरकिल तिर घाट (९३९१५.३६ घ.फि.) | ३७५६६१.४४।- |

**ठेक्काका शर्तहरु :**

१. बोलपत्र खरीदको लागि रु.१०००।( अक्षेरुपी रु एक हजार मात्र ) पछि फिर्ता नहुने गरी यस कार्यालयको राजस्व शाखामा नगद बुझाई सो को रसिद पेश गरि यो सुचना प्रकाशित भएको मितिले ७ औ दिन भित्र नगरपालिकाको कार्यालय बैतडी बाट कार्यालय समय भित्र खरीद गर्नु पर्ने छ।

२. बोलपत्र फारम साथ धरौटी बाफतको रकम कबोल अकंको ५ प्रतिशत यस कार्यालयको रा.बा. बैक शाखा बैतडी स्थित हि .नं. ग-४०५०१००३०३००००००२ धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्ने छ।

३. खरीद गरिएको बोलपत्र प्रष्ट संग भरि ठेकेदारले प्रत्येक पानामा सही छाप गरि खाम बाहिर व्यक्ति फर्म वा कम्पनीको नाम प्रष्ट लेखि यो सुचना प्रकाशित भएको मितिले १६ औ दिन १२: ०० बजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नु पर्ने छ।

४. बोलपत्र खरीद गर्ने दर्ता गर्ने र खोल्ने दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरीद गर्ने दर्ता गर्न सकिनेछ।

CamScanner

☎ 095-520581
✉ dnpbaitadi@gmail.com

# दशरथचन्द नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

खलंगा, गढी बैतडी

सुदूरपश्चिम, प्रदेश नेपाल

पत्र संख्या :२०८२/०८३

चलानी नं. :

५. बोलपत्र सोहि दिन को २:०० बजे ठेकेदारका प्रतिनिधीहरुको रोहवरमा खोलिने छ। ठेकेदारका प्रतिनिधीहरुको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. बोलपत्र शर्त रहित केरमेट नभएको कार्यालयले उपलब्ध गराएको बोलपत्रमा कुनै थपघट वा दृष्टद्रव्य नलेखेको हुनु पर्ने छ। समय अवधि भित्र पेश नभएको र सुचनामा उल्लेख भए अनुसार शर्त पुरा नभएमा बोलपत्र उपर कुनै कारवाही हुने छैन।

७. बोलपत्रमा कबोल रकम अकं र अक्षरमा प्रष्ट संग उल्लेख गर्नु पर्न छ। अकं र अक्षरमा लेखिएमा मात्र मान्यता दिइने छ।

८. गत विगत आ.व.हरुमा यस कार्यालय बाट ठेक्का लिई बुझाउन पर्ने रकम नबुझाएका फर्म वा व्यक्तिले पेश गरेको बोल पत्र उपर कुनै कारवाही गरिने छैन।

९. ठेकेदारले सम्झौताको सम्पुण रकम एकमुष्ठ बुझाएमा आचित्य हेरि ५%( प्रतिशत) सम्म प्रदेश कानुन बमोजिम छुट दिन सकिने छ।

१०. ठेकेदारले ठेक्का सम्झौता गर्दा कबोल अकंको ५० प्रतिशत रकम (Vat) सहित जम्मा गर्नु पर्ने र बाँकी ५० प्रतिशत रकमको मान्यता प्राप्त बैक वा संस्थाको ग्यारेन्टी अनिर्वाय पेश गर्नु पर्ने छ।

११. कार्यालय संग भएको सम्झौता बमोजिमको कर उठाउन सम्पुर्ण दायित्व ठेकेदारको हुने छ। ठेकेदारको कमजोरीको कारण कर उठाउन नसकेमा कार्यालय संग मिनाहा क्षतिपुर्तिका लागि कुनै किसिमको दावी गर्न पाइने छैन।

१२. ठेकेदारले सम्बन्धित आय सकंलन क्षेत्रको राम्रो संग अध्ययन गरि बुझेर मात्र बोलपत्र दाखिला र सम्झौता गर्नु पर्ने छ। राम्रो संग बुझि सम्झौता गरि सकेपछि सम्झौता अनुसारको रकम कार्यालय लाई बुझाउने दायित्व सम्बन्धित ठेकेदारको हुने छ यसमा कुनै प्रकारको तर्क र आनाकानी स्वीकार्य हुने छैन।

१३. करका दरहरु यस कार्यालयबाट बोलपत्र साथ प्राप्त हुने छ।

१४. यसमा उल्लेख नभएका अन्य कुराको हकमा प्रचलित एन नियम अनुसार हुने छ।

१५. प्रारभिक वातावरणीय परिक्षण प्रतिवेदनमा आल्याएका प्रवाधानको पुर्ण पालना गर्नु पर्ने छ।

१६. कुनै पनि कारण जनाई वा नजनाई सम्पुर्ण वा आंशिक रुपमा बोलपत्रमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

इश्वरी दत्त भट्ट

( नि. प्रमुख प्रशासकिय अधिकृत)

नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner